बडीमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं.: ०७८/०७९

च.नं:

मिति :- २०७८/०८/०२

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

**दोस्रो पटक प्रकाशित २०७८/०८/०२**

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र बडीमालिका नगरपालिकासँगको सहकार्यमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस बडीमालिका नगरपालिका, बाजुरा बीच भएको सम्झौता बमोजिम यस नगरपालिकाका सबै वडाहरुमा उक्त कार्यक्रम सञ्चालन हुने भएको हुँदा यस नगरपालिका अन्तरगत रही कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

१/ पद: मामला ब्यवस्थापक: आवश्यक संख्या २ जना (महिला)

२/ विज्ञापन नं. ०१/२०७८/७९

न्यूनतम शैक्षिकयोग्यता :कम्तीमा प्रविणता प्रमाणपत्र वा प्लस टु उतिर्ण गरी मनोपरामर्श वा मनोसामाजिक क्षेत्रमा तालिम, सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाहरुबाट कम्तिमा ६ महिनाको मनोपरामर्श तालिम लिएको हुनुपर्ने छ साथै कम्तिमा २ वर्ष मनोसामाजिक सहयोग वा लैङ्गिक हिंसा रोकथामको क्षेत्रमा समुदायमा काम गरेको हुनुपर्नेछ ।

अनुभव एवं वाञ्छनीय योग्यता

- मनोपरामरशमा PGD वा मनोविज्ञान / मनोपरामर्शमा स्नातक गरेकालाई प्राथमिकता दिइने छ।

कामको मुख्य जिम्मेवारी:

- लैङ्गिकहिंसा प्रभावित व्यक्तिहरुलाई एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहयोग गर्ने ।

नि.प्रमुख प्रशासकिय अधिकृत

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं.: ०७८/०७९
च.नं:

बडीमालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय मार्तडी,बाजुरा सुदूरपश्चिम प्रदेश

- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्धार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदायस्तरमानै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्वारा जिल्लामा गरिने सुपरभिजन कार्यकममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान, सीप सिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
- लैङ्गिक हिंसाबाट पीडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्धार संकट व्यबस्थापन केन्द्रबाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई सम्प्रेशन गर्ने ।
- पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिकआयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्वार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढँगले राख्ने । यस्तो केन्द्रबाट उपलब्ध गराईएको सबै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए. को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

२सामुदायिक मनोसामाजिक संयोजक- आवश्यक माग १ जना (महिला)

विज्ञापन नं. : ०१/२०७८/७९

न्यूनतम शैक्षिक योग्यताः प्रविणता प्रमाणपत्र वा प्लस टु उतिर्ण गरी मनोपरामर्शमा ६ महिनाको तालिम लिई कम्तीमा पनि १ वर्षको अनुभव भएको वा कम्तीमा प्रविणता प्रमाणपत्र वा प्लस टु उतिर्ण गरी मनोसामाजिक सहयोग वा लैङ्गिक हिंसा क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको ।

उमेर : २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

सबै पदका लागि पेशगर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू :

- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रतिलिपिहरु १ थान ।

नि.प्रमुख प्रशासकिय अधिकृत

बडीमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प. सं.: ०७८/०७९

च.नं:

- योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र (उक्तदिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको नाममा रा.वा.बैङ्क मार्तडी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ४०७०१००३०१०१०००२ मा संयोजक र व्यवस्थापकको हकमा रु ५०० (अक्षरुपि रु पाँच सय) जम्मा गरेको बैङ्क भौचर, उपर्युक्त कागजात तथा व्यक्तिगत विवरण ( बायोडाटा) सहित निवेदन निम्न ठेगानामा बुझाउन यो सुचना जारी गरिएको छ ।

- बडीमालिका नगरकार्यपालिकाको कार्यालय प्रशासन तथा योजना अनुगमन शाखामा दर्ता गराउनु पर्नेछ ।

पारिश्रमिक : संस्थाको नियमानुसार हुने छ ।

परीक्षा : बडीमालिका नगरपालिका करार कर्मचारी छनौट कार्यविधि र कार्यालयको निर्णय बमोजिम हुने छ।

नोट : थप जानकारीका लागि बडीमालिका नगरपालिकाको बेवसाईटमा हेर्न सकिनेछ।

रंगमल वि. क.
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकिय अधिकृत

समृद्ध नगर-जुम्ली नगरवासी